औराही नगरपालिका
# नगरपालिकाको कार्यालय
औराही,महोत्तरी प्रदेश नं. २, नेपाल

**औसधि तथा सर्जिकल सामान खरिद सम्बन्धि सिलवन्दि दरभाउपत्र आवह्नको सुचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७६।०९।२९**

१. यस कार्यालयको चालु आ.व. २०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकारले अस्पताल तथा स्वास्थ्य संस्था बाट नि : शुल्क वितरण गर्ने गरि तोकिदिएको सुचि बमोजिमका औषधि तथा सर्जिकल सामान हरु सिलवन्दि दरभाउपत्र बाट खरिद गर्नुपर्ने भएकाले सो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दि दरभाउपत्र खरिद गर्न आवह्न गरिएको छ ।

२. सिलवन्दि दरभाउपत्र खरिद का लागि दिने निवेदन साथ दरभाउ पत्र फारम दस्तुर वापत रु १०००।- ( अक्षरुपि एक हजार मात्र ) पछि फिर्ता नहुने गरि यस कार्यालयको सिटिजन बैंक महोत्तरीको औरही शाखा स्थित संचित कोष खाता नं.०६६००००१२४ मा जम्मा गरेको सक्कल भौचर चालु आ.व. सम्मका लागि वहाल रहने गरि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र औषधि व्यवसायि प्रमाणपत्र आयकर दर्ता तथा मु.अ.क. प्रमाणपत्र, आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखेको हुनुपर्दछ ।

३. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै पनि सर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन् ।

४. आफुले खरिद गरेको दरभाउ पत्र रितपुर्वक भरि यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन ( सो दिन सार्वजनिक विदा भएमा सो को भोलि पल्ट दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराउनु पर्ने छ ) र रित पुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको २ बजे यस कार्यालयमा खोलिने छ ।

५. सिलवन्दि दरभाउपत्र दर्ता गर्दा सुचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको सिटिजन बैंक महोत्तरीको औरहि शाखा स्थित धरौटि खाता नं.०६६००००१२७ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र खोलिने मितिले कम्तीमा ९० दिनको मान्य अवधि रहने गरि वाणिज्य बैंक बाट जारी गरिएको बैंक जमानत ( बैंक ग्यारेन्टि ) सिलवन्दि दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

६. सिलवन्दि दरभाउ पत्र साथ आपुर्ति गर्ने औषधिहरु WHO / GMP Certified हुनुपर्ने छ, नविकरण गरिएको प्रमाणपत्र र औषधि व्यवस्था विभाग बाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपि हरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७. धुलो र झोल औषधि बाहेक अन्य वाकि औषधिहरु Strip मा आपुर्ती गर्नुपर्ने छ । वोतलमा आपुर्ति हुने सबै औषधि तथा सर्जिकल सामानहरु सिलवन्दि हुनुपर्ने छ ।

८. कार्यालयको हाता सम्म औषधि तथा सर्जिकल सामानहरु ढुवानि वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

९. आपुर्ती हुने औषधि हरु Expiry Date Store दाखिला हुने समयमा कम्तीमा १८ महिना वाकि हुनुपर्नेछ । तर कुनै औषधिको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद वाँकि भएको हुनुपर्नेछ ।

१०. सप्लाई हुने औषधिको प्रत्येक Strip / Labeling / Packaging को बाहिर उत्पादन मिति Expiry Date, Batch No., उत्पादक कम्पनिको नाम उल्लेख भएको हुनुपर्नेछ ।

११. सार्वजनिक खरिद नियामावलि ,२०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउ पत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताविक खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित सो घोषणापत्र पेश गर्नुपर्ने छ ।

१२. दरभाउपत्र दाताले उपलब्ध गराउने औषधि स्वदेशि उत्पादन भएमा खरिद कर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनका लागि जारी गरिएको सक्कल आधिकारीक पत्र ( Authorization Letter ) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणका लागि तोकिएको आधिकारीक एजेन्ट बाट लिएको सक्कल आधिकारीक पत्र र औषधि व्यवसायिक विभागको पैठारि सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१३. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारीक व्याक्तिको सहि र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ ।

१४. दरभाउपत्र पेश गर्दा मु.अ.क. वाहेकको दर उल्लेखित गर्नुपर्नेछ ।

१५. प्रयाप्त शिलबन्दी दरभाउपत्र नपरेमा वा खोलिएका शिलबन्दी दरभाउपत्रहरुमा दररेटमा कुनै मिलेमतो भएको वा कम परेको भन्ने कार्यालयलाई लागेमा दरभाउपत्रहरु रद्द गरी सूचना प्रकाशित गर्न सकिनेछ ।

१६. यो सुचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियामावलि २०६४ बमोजिम हुनेछ ।

१७. अन्य आवश्यक कुराहरु जानकारी लिनुपरेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**तपशिल**

| सि.नं. | दरभाउ पत्र नं. | विवरण | स्टिमेट अंक रु | जमानत रकम | दरभाउ पत्र खरिद गर्न अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १/०७६ /०७७ | दरभाउ पत्र फारम मा उल्लेख भए बमोजिमका औषधि तथा सर्जिकल सामानहरु | रु १९,९९,३६९।९६ | रु ५०,०००।- | २०७६।१०।१४ |

प्रमुख प्रशाशकिय अधिकृत